apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

**सूचना**
विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।
आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।
**सम्पर्क नम्बर**
०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २७० ● पृष्ठ: ४ ● २९ असोज २०८३ विहीबार (15 October 2026, Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

खुट्टीखोला सिँचाइ आयोजना अलपत्र

# ८ करोड खर्च, खेतमा पानी शून्य ! आकाशे पानीकै भरमा किसान



✍ अपन दैनिक संवाददाता
सिरहा, असोज २८ गते

सिरहाको लहान नगरपालिका-११ का किसान घुरन साहले यस वर्ष समयमै धान रोपे पनि सिँचाइको चिन्ता भने हटेको छैन। खेतनजिकै करोडौँ रुपैयाँ खर्चेर खुट्टीखोला सिँचाइ आयोजनाको संरचना बने पनि हेडवर्क्सबाट पानी खेतसम्म पुग्न सकेको छैन।

सिँचाइ सुविधा दिने लक्ष्यसहित निर्माण गरिएको आयोजना उपयोगविहीन हुँदा स्थानीय किसानहरू अझै पनि आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन्। वर्षायाममा हेडवर्क्सको गेट खोलेर परीक्षण गर्दा खोलाको पानी नहरमा बग्नुको साटो नहरको पानी खोलातिरै फर्किने समस्या देखिएको साहले बताएका छन्।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले मल्टिटेक निर्माण कम्पनीसँग २०७७ साल मङ्सिर १७ गते आठ करोड ५६ लाख ७२ हजार ४४२ मा हेडवर्क्स निर्माणको सम्झौता गरेको थियो। निर्माण कम्पनीलाई आठ करोड ६८ लाख ९३ हजार ९६२ भुक्तानी भइसकेको छ भने तत्कालीन नगरप्रमुख मुनि साहले २०७८ कात्तिक

बाँकी पृष्ठ ४ ▸▸

## मधेशमा हराउँदै ढोल बजाउने चलन



✍ अपन दैनिक संवाददाता
सप्तरी, असोज २८ गते

तराई मधेशमा दसैँमा ढोल (नगरा) बजाउने चलन लोपोन्मुख हुँदै गएको छ। घरआँगनमा ढोल बजेपछि मात्र दसैँ आएजस्तो लाग्थ्यो। अहिले दसैँमा ढोल बजाउन छोडेपछि दसैँ आएको जस्तै लाग्दैन सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाकी ९५ वर्षीया जशोधिया चौधरीले बताइन्।

उनले भनिन्, "दसैँको सुरुआतसँगै घटस्थापनाकै दिनदेखि टोलटोलका प्रत्येक घरआँगनमा ढोल बजेको

बाँकी पृष्ठ ४ ▸▸

## गाँजा प्रकरणमा फरार रास्वपा सुरुङ्गाका नगर सभापति पार्टी कार्यालयबाटै पक्राउ

✍ अपन दैनिक संवाददाता
सिरहा, असोज २८ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सप्तरीको सुरूङ्गा नगर समितिका सभापति साबिर हुसेन पार्टी कार्यालयबाटै पक्राउ परेका छन्। लागुऔषध गाँजा बरामद भएको सवारी दुर्घटनासम्बन्धी मुद्दामा फरार रहेका उनलाई प्रहरीले पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय लहानको टोलीले हुसेनलाई सुरूङ्गा नगरपालिका -४ कदमाहा बजारस्थित रास्वपाको पार्टी कार्यालयबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले बताए।



प्रवक्ता पालका अनुसार २०८१ मंसिर २९ गते धनगढीमाई नगरपालिका-१०

बाँकी पृष्ठ २ ▸▸












प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# जनकपुरको बाह्रबिघा मैदानमा पैदलमार्ग छेकेर राखियो पिङ, आवतजावतमा यात्रुलाई सास्ती

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २८ गते**

जनकपुरधामस्थित बाह्रबिघा मैदानभित्र सर्वसाधारण हिँड्ने बाटोनै अवरुद्ध गरी दसैँलाई लक्षित गरी रोटेपिङ, झुलुवा लगायतका मनोरञ्जनका साधन जडान गरिएपछि पैदल यात्रीले सास्ती खेप्नु परिरहेको छ।

मैदानभित्र उत्तरदेखि दक्षिणतर्फ आवतजावत गर्न प्रयोग हुँदै आएको बाटो छेकेर मनोरञ्जन पार्क निर्माण गरिएपछि स्थानीय बासिन्दा, मर्निङ वाक गर्ने व्यक्ति तथा विभिन्न गन्तव्यमा पैदल जाने यात्री प्रभावित हुन्। बर्खायामका कारण बाह्रबिघा मैदानभित्र यो बाटो बाहेक अन्यत्र हिलोपानी जमेको र घाँस उम्रिएका कारण हिँड्ने अवस्था छैन। तैपनि जनकपुर उपमहानगरपालिका र बृहत्तर क्षेत्र विकास समितिले यो आवतजावत गर्ने बाटो अवरुद्ध हुने गरी दसैँलक्षित मनोरञ्जनका सामग्री राख्न अनुमति दिएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमराज लुईंटेलले यसबारे आफूकहाँ पनि गुनासो आएको बताए। उनले भने, 'मकहाँ पनि यस्तो जनगुनासो आएको छ, तर त्यो मेरो मातहतको निकायबाट अनुमति नभई अन्यत्रले दिएका कारण मैले सुरक्षाको दृष्टिकोणले मात्रै सहजीकरण गर्ने हो।'

दसैँको अवसरमा सर्वसाधारणलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले मुलुकभित्रै र भारतबाट ल्याइएका रोटपिङ, झुलुवा लगायतका साधन मैदानभित्र जडान गरिएका छन्। ती साधन राख्ने क्रममा पैदल यात्रुहरूले नियमित रूपमा प्रयोग गर्दै आएको बाटोमा जस्तापाता लगाएर अवरोध गरिएपछि सर्वसाधारणले सास्ती भोग्नु परिरहेको छ।

बाह्रबिघा मैदान जनकपुरधामका स्थानीय बासिन्दाका लागि खुला सार्वजनिक स्थलमात्र नभई एक ठाउँबाट अर्को ठाउँमा पैदल आवतजावत गर्ने सहज मार्गका रूपमा समेत प्रयोग हुँदै आएको छ। विशेषगरी बिहान मर्निङ वाक गर्न जाने स्थानीय बासिन्दाले यही बाटो प्रयोग गर्छन्। त्यस्तै, जानकी मन्दिर लगायतका अन्य स्थानबाट प्रसिद्ध सङ्कटमोचन मन्दिरतर्फ पैदल हुँदै पिडारीचोक, थापाचोक जाने सर्वसाधारणका लागि पनि यो बाटो सहज विकल्पको रुपमा छ।



तर, अहिले मनोरञ्जन पार्कका लागि बाटो अवरुद्ध गरिएपछि उक्त मार्ग प्रयोग गर्ने यात्रुहरू मैदानको बिचबाटै फर्किनुपर्ने वा आफ्नो गन्तव्यमा पुग्न लामो दुरी घुमेर जानुपर्ने अवस्था सिर्जना भएको छ। बाह्रबिघा मैदानको बाटो अवरुद्ध हुँदा स्थानीय बासिन्दामात्र नभई अस्पताल जाने बिरामी तथा उनीहरूका आफन्तलाई समेत असुविधा भएको छ। मैदानको छेउमा रहेको प्रादेशिक अस्पताल पुग्न तथा आसपासका निजी अस्पतालमा जानका लागि धेरैले यही बाटो प्रयोग गर्दै आएका छन्।

मैदाभित्रको बाटो बन्द भएपछि यात्रुहरूलाई वैकल्पिक मार्ग खोज्नुपर्ने बाध्यता भएको छ। विशेषगरी पैदल हिँडेर अस्पताल जाने, मन्दिर दर्शन गर्न जाने तथा दैनिक कामकाजका लागि ओहोरदोहोर गर्ने सर्वसाधारण यसको मारमा परेका छन्। सङ्कटमोचन मन्दिर दर्शन गरेर फर्किएका स्थानीय अमरनाथ साहले भने, 'यत्रो मैदान छ, बाटो नै बन्द गरेर यसरी पिङ निर्माण गर्न हुन्थेन नि।'

बाह्रबिघा मैदानको बाटो बन्द हुँदा उत्तर वा दक्षिणतर्फ जान चाहने व्यक्तिहरूलाई अनावश्यक रूपमा घुम्नुपर्ने भएको छ। दसैंका लागि मनोरञ्जनका साधन राख्नु स्वाभाविक भए पनि सार्वजनिक बाटो नै अवरुद्ध हुने गरी व्यवस्थापन गर्नु उचित नभएको प्रादेशिक अस्पतालमा कार्यरत सन्देश बुढाथोकीले बताए। उनले भने, 'दसैंसम्मलाई हो, यस्तो चाडपर्वको बेला रमाइलो पनि चाहिन्छ, तर यो बाटो नछेकिने गरी अलि पर निर्माण गरेको भए झनै राम्रो हुन्थ्यो।'

जनकपुर वडा नम्बर ९ का स्थानीय सुरेन्द्र झाको दम्पती बेलुका वाकमा आउँदा बाटो नै छेकेर पिङ हाल्दै गरेको देखेपछि आश्चर्यचकित भए। 'बाह्रबिघा भित्र यो बाटोको विकल्प छैन, सबैतिर पानी, फोहोरमात्रै छ,' झाले भने, 'मान्छे कसरी हिँडछन् भन्ने सामान्य ध्यान पनि नपुऱ्याउनु अचम्म लाग्दो कुरा हो।'

जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) ओमप्रकाश खनालले पनि बाह्रबिघा मैदानको बाटो अवरुद्ध भएको विषय आफूले सुनेको बताए। उनका अनुसार यो विषयमा प्रहरी कार्यालयमा औपचारिक जानकारी वा गुनासो प्राप्त भएको छैन।

डीएसपी खनालले भने, 'यस विषयमा मैले पनि सुनेको छु, तर औपचारिक रूपमा कुनै खबर वा गुनासो आएको छैन। यसबारे सम्बन्धित निकायसँग थप बुझेर जानकारी दिन्छु।'

## गाँजा प्रकरणमा फरार रास्वपा .............

जिरोमाइलस्थित पूर्व-पश्चिम राजमार्गमा ट्रक र कार एकआपसमा ठोक्किएका थिए। सोही मुद्दा साविरलाई पक्राउ गरिएको हो। उनीमाथि इलाका प्रहरी कार्यालय लहानमा मुद्दा दर्ता भएको थियो।

दुर्घटनापछि बा.८ च ९९६३ नम्बरको कारमा खानतलासी गर्दा पाँचवटा पोकामा राखिएको एक क्विन्टल ३० किलो गाँजा बरामद भएको थियो।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.३ ख ७५९१ नम्बरको ट्रकले उत्तरबाट राजमार्ग पार गर्दै गरेको उक्त कारलाई ठक्कर दिएको थियो। घटनापछि प्रहरीले ट्रकका चालकसहित ट्रक र कार नियन्त्रणमा लिए पनि कारका चालक फरार भएका थिए।

सोही घटनासम्बन्धी लागुऔषध मुद्दामा हुसेन फरार रहेको र अहिले पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# सम्पादकीय...

## सडक-नाला गुणस्तरीय निर्माण गर

सिरहा-कल्याणपुर-मिर्चैया सडकखण्डअन्तर्गत सिरहा नगरपालिका-१२ सारस्वरमा निर्माण भइरहेको नालाको गुणस्तरमाथि स्थानीयवासीले प्रश्न उठाएका छन्। निर्माणमा प्रयोग भइरहेको सामग्रीको मिश्रणदेखि ढलान प्रक्रियासम्मका विषयमा स्थानीयस्तरबाट गुनासो आउनु सामान्य विषय होइन्। यो जनताको करबाट खर्च भइरहेको सार्वजनिक बजेट र विकास निर्माणमा अपनाउनुपर्ने जवाफदेहितासँग जोडिएको गम्भीर सवाल हो। त्यसैले उठेका प्रश्नलाई बेवास्ता गरेर होइन, प्राविधिक परीक्षण र प्रभावकारी अनुगमनमार्फत समाधान खोजिनुपर्छ। मधेश प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास निर्देशनालय जनकपुरधामको बजेटमा सञ्चालित यस योजनाको ठेक्का बालकोट बिल्डर्स प्रालिले पाएको छ। भ्याट तथा पीएससहित १७ करोड ७८ लाख ४२ हजार ७२१ रुपैयाँ १४ पैसा सम्झौता रकम रहेको योजनाअन्तर्गत ४ किलोमिटर ६६३ मिटर सडक तथा नाला निर्माण गर्ने लक्ष्य छ। लामो समयपछि निर्माण हुन लागेको सडक र नालाले स्थानीयवासीमा विकासको आशा जगाएको छ। तर, निर्माण सुरु हुँदै गर्दा नै गुणस्तरबारे प्रश्न उठ्नु चिन्ताको विषय हो। विकासको अर्थ बजेट खर्च गर्नु, संरचना खडा गर्नु वा योजनाको लम्बाइ देखाउनु मात्रै होइन। विकासको वास्तविक अर्थ नागरिकले वर्षौंसम्म उपयोग गर्न सक्ने टिकाउ, सुरक्षित र मापदण्डअनुरूपको संरचना निर्माण गर्नु हो।

स्थानीयवासीले बालुवा र गिट्टीको मात्रा नापेर मिश्रण गर्ने तरिका तथा ढलानका क्रममा भाइब्रेटर प्रयोग भए-नभएको विषयमा असन्तुष्टि जनाएका छन्। निर्माण कार्यको गुणस्तर ठेकेदारले गर्ने दाबी वा प्राविधिकको मौखिक स्पष्टीकरणका आधारमा सुनिश्चित हुँदैन्। प्रयोग गरिएको सिमेन्ट, बालुवा र गिट्टीको गुणस्तर, मिश्रणको अनुपात, पानीको मात्रा, कंक्रिटको कम्प्याक्सन, ढलानपछिको उचित हेरचाह तथा संरचनाको निर्धारित मोटाइ र डिजाइनको पालना जस्ता पक्षको परीक्षण आवश्यक हुन्छ। आवश्यकताअनुसार कंक्रिटको नमुना परीक्षण गरी त्यसको नतिजासमेत सार्वजनिक गरिनुपर्छ। यसबाट निर्माणको वास्तविक अवस्था स्पष्ट हुनेछ र अनावश्यक आशंका पनि हट्नेछ। यस योजनामा पूर्वाधार विकास निर्देशनालय, सम्बन्धित प्राविधिक टोली, निर्माण व्यवसायी तथा अनुगमन गर्ने निकायको भूमिका महत्त्वपूर्ण छ। ठेकेदारको जिम्मेवारी सम्झौताअनुसार गुणस्तरीय काम गर्नु हो भने प्राविधिक पक्षको दायित्व निर्माणको प्रत्येक चरणमा मापदण्ड पालना भए-नभएको सुनिश्चित गर्नु हो। अनुगमन गर्ने निकायले कागजी प्रगति र स्थलगत अवस्थाबीचको वास्तविकता पहिचान गर्नुपर्छ। नागरिकले प्रश्न उठाएपछि मात्रै होइन, निर्माण सुरु भएदेखि नै नियमित अनुगमन हुनुपर्छ। यदि निर्माणमा प्राविधिक कमजोरी भेटिएमा सम्बन्धित निकायले तत्काल सुधार गर्न लगाउनुपर्छ। मापदण्डविपरीतको कामलाई निरन्तरता गर्न दिनु हुँदैन। आवश्यक्ताका आधारमा सम्बन्धित निर्माण कार्य रोक्दै प्राविधिक परीक्षणका आधारमा सुधारात्मक प्रक्रिया अघि बढाउनुपर्छ। तर, जाँचबिनै कसैलाई दोषी ठहर गर्नु पनि उचित हुँदैन्। निष्पक्ष छानबिनले कमजोरी पुष्टि गरेमा सम्झौता र प्रचलित कानुनअनुसार जिम्मेवारी निर्धारण तथा कारबाही हुनुपर्छ।

सारस्वरका स्थानीयवासीले उठाएको प्रश्नलाई निर्माणमा अवरोधका रूपमा होइन, सार्वजनिक सम्पत्तिको संरक्षणका लागि नागरिकले निर्वाह गरेको निगरानीका रूपमा बुझिनुपर्छ। नागरिकको प्रश्नले निर्माणलाई अझ पारदर्शी, उत्तरदायी र गुणस्तरीय बनाउन मद्दत गर्छ। त्यसैले स्थानीयवासीले उठाएका विषयलाई गम्भीरतापूर्वक सुन्ने, प्राविधिक अवस्थाबारे स्पष्ट जानकारी दिने र परीक्षणको नतिजा सार्वजनिक गर्ने व्यवस्था मिलाइनुपर्छ। सडक र नाला निर्माणमा खर्च हुने रकम जनताको हो। त्यसको सदुपयोग सुनिश्चित गर्नु सरकार, प्राविधिक कर्मचारी र निर्माण व्यवसायी सबैको साझा दायित्व हो। अहिले नै निर्माणको गुणस्तरबारे उठेका प्रश्नको निष्पक्ष निरूपण गर्न सकिएन भने पछि संरचना बिग्रिएपछि मर्मतमा थप बजेट खर्च गर्नुपर्ने अवस्था आउन सक्छ। त्यस्तो अवस्थामा सार्वजनिक स्रोतको दोहोरो भार नागरिकमाथि नै पर्छ। त्यसैले सम्बन्धित निकायले ढिलाइ नगरी निर्माणस्थलको स्थलगत अनुगमन, सामग्री तथा कंक्रिटको प्राविधिक परीक्षण र निर्माण प्रक्रियाको समीक्षा गर्नुपर्छ। परीक्षणको नतिजा नागरिकसमक्ष सार्वजनिक गर्दै कमजोरी देखिए तत्काल सुधार गराउनुपर्छ। गुणस्तरहीन काम भएको पुष्टि भएमा त्यसलाई रोक्दै जिम्मेवार पक्षलाई जवाफदेही बनाउनुपर्छ। सडक र नाला आजका लागि मात्रै होइन, वर्षौंसम्म नागरिकको सेवामा रहने गरी निर्माण हुनुपर्छ। बजेट खर्च भएको देखाउनु उपलब्धि होइन्। निर्धारित मापदण्डअनुसार टिकाउ संरचना निर्माण हुनु वास्तविक उपलब्धि हो। विकास निर्माणमा गुणस्तरमा सम्झौता हुनु हुँदैन, नागरिकको निगरानीलाई बेवास्ता गरिनु हुँदैन र जिम्मेवार निकाय आफ्नो दायित्वबाट पन्छिनु हुँदैन्। त्यसैले गुणस्तरीय नाला र सडक निर्माणको सुनिश्चितता कायम गरिनु पर्छ।


## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१३३०००२१५३ | पुनम सिँह | सुखिपुर ०४, सिराहा |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९



## माँ भगवत्ति बेकरी एण्ड स्वीट्स

सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।


# आजको राशिफल

**मेष :** अनावश्यक खर्चको मात्रा बढ्न सक्ने भएकाले आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोला।

**बृष :** व्यापार व्यवसायमा सोचेभन्दा बढी लाभ मिल्नेछ भने साथीभाइको सहयोगले ठूला योजनाहरू सफल बन्नेछन्।

**मिथुन :** कार्यक्षेत्रमा उच्च पदस्थ व्यक्तिको सहयोगले नयाँ जिम्मेवारी वा पदोन्नति प्राप्त हुनेछ।

**कर्कट :** भाग्यले पूर्ण साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यतर्फ विशेष रुचि जाग्नेछ।

**सिंह :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला।

**कन्या :** दाम्पत्य जीवनमा आत्मीयता बढ्नुका साथै साझेदारीका कामहरूबाट राम्रो मुनाफा कमाउन सकिनेछ।

**तुला :** शारीरिक तन्दुरुस्ती बढ्ने र दैनिक कार्यहरू सुचारू रूपमा अगाडि बढ्नेछन्।

**वृश्चिक :** बौद्धिक तथा सिर्जनात्मक क्षमतामा वृद्धि हुने हुनाले विद्यार्थीहरूका लागि समय अत्यन्त अनुकूल छ।

**धनु :** पारिवारिक सुखसुविधाका सामाग्रीहरू जोडिने र घरको वातावरण रमाइलो रहनेछ।

**मकर :** पराक्रम र आत्मविश्वास उच्च रहने हुनाले आँटिका सबै काम सफलतापूर्वक सम्पन्न हुनेछन्।

**कुम्भ :** आर्थिक स्थिति मजबुत बन्दै गएर संञ्चित धनमा वृद्धि हुनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्नेछ।

**मीन :** तपाईंको आफ्नै राशिमा चन्द्रमाको गोचर रहेकोले मनमा सकारात्मक ऊर्जा र उत्साह भरिपूर्ण रहनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# यात्रुलाई दु:ख दिएको आरोपमा तीन जना पक्राउ



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २८ गते**

यात्रुलाई दुःख दिएको आरोपमा तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा रौतहटको गौर नगरपालिका-१ का ४३ वर्षीय विशाल कुमार जैसवाल, भारतीय नागरिक ४२ वर्षीय रन्जन कुमार र सिरहाका ५१ वर्षीय राम कलेवर यादव रहेका छन् ।

उनीहरुलाई सार्वजनिक यातायातका यात्रुलाई दुःख दिएको आरोपमा प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका तीनै जनालाई अभद्र व्यवहारको कसुरमा ३ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# रास्वपा उम्मेदवार छनोटमा सचिवालयलाई १५ प्रतिशतसम्म विशेषाधिकार

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २८ गते**




विधि, पद्धति र प्रारम्भिक निर्वाचनलाई प्राथमिकता दिएको दाबी गर्ने रास्वपाले आगामी स्थानीय तहको उम्मेदवार छनोटमा पार्टी नेतृत्वका लागि १५ प्रतिशत विशेषाधिकारको कानुनी बाटो खुला राखेको छ ।

पार्टीको स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोट रूपरेखा २०८३ को परिच्छेद-९ अन्तर्गत राखिएको विशेष व्यवस्थाले यस्तो प्रावधान गरेको हो ।

रूपरेखामा जुनसुकै कुरा लेखिएको वा व्यवस्था भएको भए तापनि पार्टी सचिवालयले केन्द्रीय समितिबाट अनुमोदन गराउने गरी उम्मेदवार छनोटमा माथिल्लो सीमा १५ प्रतिशत नबढ्ने गरी विशेषाधिकार प्रयोग गर्न सक्नेछ ।

यो विशेषाधिकार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्य गरी सबै पदहरूमा प्रयोग गर्न मिल्ने गरी तय गरिएको छ ।

स्थानीय तहका निर्वाचनमा विशेष परिस्थिति सिर्जना भएमा वा लोकप्रिय तथा प्रभावशाली व्यक्तिलाई उम्मेदवार बनाउनुपरेमा केन्द्रीय नेतृत्वले यो अधिकार प्रयोग गर्न सक्ने गरी व्यवस्था गरिएको बुझिएको छ ।

यद्यपि, ८५ प्रतिशत उम्मेदवार भने तोकिएको वैज्ञानिक विधि, लिडरसिप एकेडेमी र प्रारम्भिक निर्वाचनमार्फत नै छानिने पार्टीको भनाइ छ ।

विधिको पूर्ण पालना गराउने दाबी गरिए पनि १५ प्रतिशत विशेषाधिकारको यो प्रावधानले अन्तिम समयमा शीर्ष नेताहरूको तजबिज चल्न सक्ने भन्दै पार्टीभित्र र बाहिर यसलाई चासोका साथ हेरिएको छ ।

# सर्पदंशबाट महेश यादवको मृत्यु प्रकरण: छानबिन समिति गठन

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २८ गते**

सर्पदंशका बिरामी महेश यादवको मृत्यु घटना छानबिन गर्न एक समिति बनेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेश प्रदेशले डाक्टर विपिन झाको नेतृत्वमा पाँच सदस्य छानबिन टोली गठन गरेको हो ।

समितिको सदस्य सचिवमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सन्तोष ठाकुर, सदस्यहरूमा मुख्यमन्त्री कार्यालयका अधिकृत श्यामसुन्दर महतो, प्रादेशिक अस्पताल सिरहाकी नर्सिङ अधिकृत ववित पण्डित, स्वास्थ्य मन्त्रालयका तथ्यांक अधिकृत




शिव मुहरत छन् ।

१९ असोजको मन्त्रालयको निर्णय अनुसार समिति गठन गरेर छानबिन थालिएको सदस्य सचिव ठाकुरले बताए ।

गत १३ असोज राति सर्पले टोकेपछि जनकपुरधाम उपमहानगरपालिका

बाँकी पृष्ठ ४ ▶▶

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म















मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, सिरहा

## प्रस्ताव/आवेदन आवह्नानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२८ गते**

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र कृषि उद्यमीहरुले माग गरिएको कागजात सहित फाइल माथि स्पस्ट खुलाई प्रथम पटक प्रकाशित मितिले २४ औं दिन (२०८३/०७/२० गते) भित्र यस ज्ञान केन्द्रमा प्रस्ताव/आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि www.akcsiraha.p2.gov.np र यस कृषि ज्ञान केन्द्रको सूचना अधिकारीको सम्पर्क नं. ९८५२८८०५०१ र कृषि प्रसार अधिकृतको सम्पर्क नं. ९८५५०४४२०४ मा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

१. पुष्प खेति प्रवर्द्धन कार्यक्रम
२. च्याउ प्रवर्द्धन कार्यक्रम
३. रैथाने बाली प्रवर्द्धन कार्यक्रम
४. व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम
५. हरुवा चरवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि १०० % अनुदानमा कृषि विकास कार्यक्रम
६. दलहन बाली प्रवर्द्धन कार्यक्रम
७. तेलहन बाली प्रवर्द्धन कार्यक्रम
८. बीउ विजन आत्मनिर्भर कार्यक्रमको लागि प्रस्ताव आवहान सम्बन्धी सूचना
९. व्यावसायिक उखु खेती परियोजना कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

**कृषि ज्ञान केन्द्र, सिरहा**


## ८ करोड खर्च, खेतमा पानी शून्य ! आकाशे पानीकै भर ..............

२२ गते यसको शिलान्यास गरेका थिए।

मड्यान, गडमे, बानो र सर्रे खोलाको जलाधार क्षेत्रबाट पानी ल्याई मुख्य नहरमार्फत सिँचाइ पुऱ्याउने लक्ष्य राखिए पनि निर्माण सम्पन्न भएको करिब पाँच वर्ष पुग्न लाग्दासम्म आयोजना सञ्चालनमा आउन सकेको छैन।

महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन २०८१ मा आयोजनाको डिजाइन र निर्माणमाथि नै गम्भीर प्रश्न उठाएको छ। खोलामा पानी बग्ने सतहभन्दा हेडवर्क्स माथिल्लो स्थानमा निर्माण गरिएकाले डिजाइन सुधार नगरी पानी वितरण सम्भव नदेखिएको प्रतिवेदनमा औँल्याइएको छ।

यता पूर्वनगरप्रमुख मुनि साहले भने निर्माणअघि नै बालुवाका बोरा राखेर पानीको बहाव परीक्षण गरी विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनाइएकाले प्राविधिक रूपमा पानी नजाने भन्ने कुरा गलत भएको दाबी गरेका छन्।

आयोजनाको समस्या हेडवर्क्समा मात्र नभई नहर व्यवस्थापनमा समेत देखिएको छ। चार हजार ९०० मिटर मुख्य नहर र एक हजार ७१० मिटर शाखा नहरमा सहरी ढल तथा फोहोर मिसिने, माटो थुप्रिने र अतिक्रमण हुने समस्या छ।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश सरकारले नहर सफाइका लागि १५ लाख विनियोजन गरी सात लाख ९० हजार २४५ मा काम गराए पनि पानी सञ्चालन हुन सकेन। उल्टै जथाभावी सफाइ गर्दा सडक धसिएको र बिजुलीका पोल जोखिममा परेको भन्दै स्थानीय देवराज पोखरेलले आयोजनाको छानबिन माग गरेका छन्।

सिँचाइ कार्यालय सिरहाले नहर मर्मतसम्भार, संरचना सुधार, ढल व्यवस्थापन र स्तरोन्नतिका लागि बहुवर्षीय योजनाअन्तर्गत १२ करोड ४३ लाख दुई हजार बजेट माग गर्दै मधेश प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा विस्तृत प्रतिवेदन पेस गरेको छ।

लहान नगरप्रमुख महेश चौधरीले फोहोर व्यवस्थापन र सिँचाइका लागि अघि सारिएको भूमिगत नाला योजना राजनीतिक विरोधका कारण अघि बढ्न नसकेको बताएका छन् भने उद्योग वाणिज्य सङ्घका सचिव रवीन्द्रकुमार श्रेष्ठले थप बजेट खर्चनुअघि वैज्ञानिक सम्भाव्यता अध्ययन हुनुपर्ने बताएका छन्।

कुल ९६४ हेक्टर कमाण्ड क्षेत्र रहेको र ३५ हजार नागरिक लाभान्वित हुने लक्ष्य राखिएको यस आयोजनाको वास्तविक समस्या पहिचान गरी ठोस पहल नगरिए राज्यको ठूलो लगानी बालुवामा पानी साबित हुने देखिन्छ।







# मधेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणमा

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असोज २८ गते**



मधेश प्रदेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहेको पाइएको छ। शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सुविधामा पहुँचको अवस्थाको विश्लेषण गर्दा प्रदेशका बालबालिकाको जीवनस्तर कमजोर देखिएको हो।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार मधेश प्रदेशमा पाँच वर्षमुनिका २६.२ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ। त्यस्तै, ६ देखि २३ महिनासम्मका ६०.७ प्रतिशत शिशु तथा बालबालिकाले पर्याप्त र विविधतायुक्त आहार पाउन सकेका छैनन्।

बालबालिकाको यस्तो अवस्थाले उनीहरूको स्वास्थ्य, शारीरिक तथा मानसिक विकास र भविष्यमा अवसर प्राप्त गर्ने क्षमतामा असर पार्न सक्ने देखिएको छ। बालबालिकाको अवस्था सुधार गर्न शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवामा पहुँच विस्तार गर्ने प्रभावकारी नीति तथा कार्यक्रम आवश्यक रहेको सरोकारवालाले बताएका छन्।

मधेश प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था दयनीय रहनु चिन्ताको विषय भएको बताउनुभयो।

उहाँले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो। बालबालिकाको जीवनस्तर सुधार गर्न उनीहरूको आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले बालबालिकामा देखिएको बहुआयामिक वञ्चितीकरण न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतालाई समेत प्राथमिकता दिनुपर्ने बताउनुभयो।

प्रतिवेदनले विपन्न परिवारका बालबालिका तथा कम शैक्षिक स्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखाएको छ। परिवारको आर्थिक अवस्था, शैक्षिक पहुँच र आधारभूत सेवाको उपलब्धताले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने गरेको प्रतिवेदनमा उल्लेख छ।

बालबालिकाको अवस्था सुधार गर्न तथ्याङ्कमा आधारित योजना निर्माण, जोखिममा रहेका परिवारको पहिचान र लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

मधेश प्रदेशमा बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र आधारभूत सुविधामा पहुँच सुनिश्चित गर्न प्रदेश सरकार, स्थानीय तह तथा सरोकारवाला संस्थाबीच प्रभावकारी समन्वय आवश्यक देखिएको छ।

## मधेशमा हराउँदै ढोल बजाउने ..............

आवाज सुनेपछि दसैं आएको भित्रैबाट महसुस हुन्थ्यो। अहिले प्रत्येक वर्ष दसैं त आउँछ तर ढोल बजाउन कोही आउँदैन। ढोल बज्दा जुन दसैंको आनन्द आउँथ्यो, अहिले त्यो आनन्द महसुस हुँदैन। दसैं आएको जस्तै लाग्दैन।"

दसैं सुरु हुनुअघि नै घरआँगन सफा गरेर लिपपोत गरिन्थ्यो। घटस्थापनाको दिनदेखि नै बिहान ढोल बोकेर राम (चमार) समुदायका व्यक्ति घर आउने र आँगनमा चारपाँच फन्को लगाएर ढोल बजाउने गर्थे। उक्त दृश्यले भित्रैबाट दसैंको खुसीयाली महसुस गराउँदा छुट्टै आनन्द लाग्ने गरेको उनले बताइन्।

विसं २०६२/६३ को मधेश आन्दोलनले पहिचानसहितको अधिकार सुनिश्चित गरेसँगै दसैंमा अनिवार्य ढोल बजाउने प्रथा दिनप्रतिदिन हराउँदै गएको हो। तराई मधेशमा राम (चमार) समुदायले ढोल बजाउँदै आए पनि आन्दोलनपछि यो पेसालाई तल्लो दर्जाको ठान्न थालेपछि सामूहिक रूपमा ढोल बजाउन छाडेको र घरआँगनमा ढोल बजाउने परम्परा हराउँदै गएको राजविराज नगरपालिका-१३ का ७० वर्षीय सुखिया रामले बताए।

विजयादशमी अर्थात् दसैंको अन्तिम दिन ढोल बजाउने ढोलहालाई घरधनीले पैसा, चामल, लुगा जे सकिन्छ दिने चलन रहेको उनले बताए।

उनले भने, "अहिले पनि अष्टमी, नवमी र दशमीको दिन कतैकतै मन्दिरमा ढोल बजाउने चलन अझै कायम छ। समुदायमा गएर घरआँगनमा ढोल बजाउन छाडेपछि चमार समुदायको पेसा सङ्कटमा परेको छ। दसैंमा एक दिनमा २०० घरमा ढोल बजाउँदा त्यतिबेला डेढदेखि दुई लाख आम्दानी हुँदा एक वर्षसम्म घरगृहस्थी चलाउन थप सहयोग हुने गरेको थियो।"

दसैंमा ढोल बजाउने चलन हराउँदै जाँदा विपन्न परिवार आर्थिक सङ्कटमा परेको राजविराज नगरपालिका-१ की ८० वर्षीया जशोधियादेवी रामले बताइन्।

उनले भनिन्, "ढोल बजाउन रोक लागेपछि धनी परिवारलाई समस्या नभए पनि विपन्न परिवारलाई अत्यधिक समस्या हुँदै आएको छ। हाम्रो परम्परादेखिको संस्कृति र पहिचानसमेत लोप हुँदै गएको छ।"

यसैबीच, जिल्लाको छिन्नमस्ता गाउँपालिकाका शिवु राम दुई दशकदेखि लोप हुँदै आएको परम्परालाई निरन्तरता दिन गत वर्षदेखि दसैंका अवसरमा दिनहुँ बस्तीका प्रत्येक घरमा गएर ढोल बजाउँदै आएका छन्।

दुई दशकदेखि दसैंमा ढोल बजेको नदेखेपछि आफ्नो परम्परा र संस्कृति लोप हुन थालेको महसुस गरेर वडाध्यक्षको अनुमति लिई ढोल बजाउन थालेको उनले बताए। दुई दशकपछि छिन्नमस्ता गाउँपालिकामा ढोल बजाएको हेर्न पाउँदा पुरानो दसैं ताजा भएको महसुस भएको स्थानीयवासीको भनाइ छ।

## सर्पदंशबाट महेश यादवको मृत्यु ...........

वडा नं १४ मुझेलियाका २५ वर्षीय महेश यादव आफैं स्कुटी चलाएर प्रादेशिक अस्पताल जनकपुरमा उपचारका लागि पुगेका थिए।

तर त्यहाँ औसधि उपचार गरे पनि उनको स्वास्थ्य अवस्था खराब हुँदा आइसियु बेड अभावमा उनलाई त्यहाँबाट रेफर गरिएको थियो। त्यहाँबाट उपचारका लागि बर्दिबास स्थित सर्पदंश उपचार केन्द्रमा लग्दा चिकित्सकले मृत घोषणा गरेका थिए।

उनको मृत्यु घटना पश्चात मधेश प्रदेश सरकारको व्यापक आलोचना भइरहेको छ भने छानबिनको माग पनि उठिरहेको छ।

